Nepal Tourism Board

नेपाल पर्यटन बोर्डको Website www.tenders.welcomenepal.com मार्फत पर्यटन मेला तथा सेल्स मिसनका लागि आवेदन गर्नका लागि निम्न बमोजिम गर्नुहुन अनुरोध गरिन्छ ।

**क) पहिलो पटक Registration गर्ने कम्पनीहरुको लागि**

१. नेपाल पर्यटन बोर्डको website www.tenders.welcomenepal.com मा जाने ।

२. **Login** click गर्ने

३. **Sign UP** section मा विवरण भर्ने । तपाईंले हाल दिनु भएको email लाई पछि परिवर्तन गर्न नसकिने र सो email नै तपाईंको User ID को रुपमा रहने छ ।

४. Company Registration Certificate ठाउँमा कम्पनी Registrar को कार्यालयबाट प्राप्त certificate वा कम्पनी को रुपमा कार्य गर्न कम्पनीलाई प्राप्त भएको Certificate upload गर्ने । साथै VAT/Pan No को स्थानमा VAT/PAN number राख्ने तथा VAT/PAN certificate को स्थानमा VAT/PAN certificate upload गर्ने ।

५. सबै विवरणहरु भरि सकेपछि **Register** click गर्ने ।

**ख) पहिले नै Registration गरिसकेका वा माथिको खण्ड (क) बमोजिम अहिले Registration गरेका कम्पनीहरुका लागि**

६. Registration गरेपश्चात् तपाईंले आफ्नो email तथा password प्रयोग गरी **Login** गर्ने । (Registration Waiting for approval) भनिए तापनि तपाईंले बूँदा ७ बमोजिम कुनै कार्यक्रममा सहभागि हुनका लागि Apply गर्न सक्नु हुनेछ ।

७. **Participation Notice** मा राखेको कार्यक्रमहरुमध्ये आफूले निवदेन गर्न चाहेको कार्यक्रममा click गर्ने ।

८. सो कार्यक्रमका लागि आवेदन गर्न चाहेमा माग गरिएबमोजिम document upload गरी, document माग गरेको नभएमा नगरी **Apply** botton click गर्ने ।

**नेपाल पर्यटन बोर्डबाट माथि बूँदा नं. ५ बमोजिम Registration स्वीकृत भएपश्चात् वा बूँदा नं. ८ बमोजिम आवेदन गरेपश्चात् सकेसम्म चाँडो आफ्नो Account खोल्दा बायाँतर्फ देखिएको Profile मा click गरी सो अन्तर्गत देखिने Licence र Tax clearance Certificate को प्रति upload गरी दिनु हुन समेत अनुरोध छ ।**

नोटः

कुनै कम्पनीले एक पटक आफ्नो Account खोली उक्त certificates upload सकेपछि सो कम्पनीले कुनै अर्को कार्यक्रममा भाग लिँदा पुनः Company Registration Certificate पेश गर्नुपर्ने छैन । त्यस्तै पर्यटन व्यवसाय गर्नको लागि नेपाल सरकारबाट प्राप्त Licence को validity, तथा Tax Certificate को validity को अवधिभर कार्यक्रमपिच्छे पटक पटक नेपाल पर्यटन बोर्डमा कागजातहरु बुझाउन आवश्यक नपर्ने हुँदा तथा **online** मार्फत नै भविष्यमा कार्यक्रममा सहभागितको लागि निवेदन गर्न सकिने भएकोले नेपाल पर्यटन बोर्डले मेला, सेल्स मिसनजस्ता कार्यक्रमको लागि निजी क्षेत्रबाट सहभागिताको लागि शुरु गरेको online निवेदनको प्रकृयाले कार्यलाई चुस्त, सहज तथा छिटो, छरितो बनाउन सहज पुग्छ भन्ने विश्वास लिएका छौं ।

यो Online सेवा बाट नै आवेदन गर्नुपर्ने व्यवस्था प्रथम पटक शुरु गरिएकोले यसमा कुनै कमी कमजोरीहरु देखा परेमा यसलाई समाधान गर्नका लागि तथा यसलाई अझ परिमार्जन गर्नका लागि लागि समेत सम्बन्धित सबैको सहयोगको अपेक्षा गरेका छौं । यो कार्यक्रममा भाग लिनका Online निवेदन गर्न कुनै समस्या भएमा लागि विगतमा जस्तै तपाईको निवेदन (hard copy) नेपाल पर्यटन बोर्डमा बुझाई सो बमोजिम बोर्डको सहयोगमा Online आवेदन गर्न सक्नु हुनेछ । First come First Serve को आधार Online मा प्राप्त निवेदनको मिति तथा समयलाई आधार मानिनेछ ।

यस सम्बन्धी थप जानकारी मोबाइल नं. ९८५११५७७२० वा ९८१५४०००९० मा सम्पर्क गरी लिन सक्नु हुनेछ ।